नेपाल सरकार
# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

फोन नं. ४२११६३५, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५
फ्याक्स : ४२११९३५
सिंहदरबार, काठमाण्डौं
नेपाल

पत्र संख्या :
च.नं. :

## सूचना !!

कर्मचारी समायोजन ऐन,२०७५ बमोजिम संघमा समायोजन भएका नेपाल कृषि सेवाका प्राविधिक कर्मचारीहरुको स्थायी पुल दरबन्दी स्वीकृति,पददर्ता र पदस्थापनाका सम्बन्धमा कर्मचारीहरुबाट राखिएका गुनासो तथा मर्काको सम्बन्धमा यस मन्त्रालयको ध्यानाकर्षण भएको छ । सो सम्बन्धमा यस मन्त्रालय अन्तर्गत आयोजना कार्यान्वयन समूह (आ.का.स.) को रुपमा संघमा ३७८ स्थायी पुल दरबन्दी कायम गर्न यस पूर्व नेपाल सरकारका मुख्य सचिवज्यूको समुपस्थितिमा अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एवम् यस मन्त्रालयका सचिवज्यूहरु सहितको उपस्थितिमा भएको छलफल स्मरणीय छ । उक्त विषय समेतलाई मध्यनजर गरी मिति २०८१ आषाढ १६ गते देखि मन्त्रालयको प्रवेशद्धारमा धर्नारत सम्पूर्ण कर्मचारीहरुको गुनासो तथा माग सम्बोधनका लागि सम्बन्धित निकायहरुसँग समन्वय गरी आगामी १५ दिन भित्र आवश्यक निकासा दिन पहल गर्ने माननीय मन्त्रीज्यूबाट निर्देशन भएबमोजिम हाललाई आफ्नो गुनासो मर्का सम्प्रेषण गरिरहेका नेपाल कृषि सेवाका सम्पूर्ण कर्मचारीहरुमा धर्ना कार्यक्रम स्थगन गर्नुहुन जानकारी गराइएको छ।

२०८१ श्रावण १ गते मंगलबार

२०८१।४।१
सह-सचिव